# गैह्र बासिन्दा व्यक्तिले प्रदान गर्ने अफलाईन हवाई यातायात सेवामा मूल्य अभिवृद्धिकर सम्बन्धी कार्यविधि, २०८१

अफलाईन हवाई यातायात सेवा प्रदायक गैह्र बासिन्दा व्यक्तिलाई लाग्ने मूल्य अभिवृद्धि करको प्रशासनलाई सरल र प्रभावकारी बनाउन मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १०ख१., दफा १८ को उपदफा (१ख) तथा दफा १९ को उपदफा (७) ले दिएको अधिकार प्रयोग गरी आन्तरिक राजस्व विभागले यो कार्यविधि जारी गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिको नाम **"गैह्र बासिन्दा व्यक्तिले प्रदान गर्ने अफलाईन हवाई यातायात सेवामा मूल्य अभिवृद्धिकर सम्वन्धी कार्यविधि, २०८१"** रहेको छ।

(ख) यो कार्यविधि तत्काल लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अफलाईन हवाई यातायात सेवा" भन्नाले नेपालवाट उडान शुरु नगर्ने तर नेपालवाट उडान शुरु गर्ने हवाई यातायात सेवा प्रदायकको पार्टनर हवाई यातायात सेवा प्रदायक वा बिक्री एजेन्ट वा ग्राहक सेवा प्रतिनिधि वा ग्लोबल डिस्ट्रिब्युशन सिस्टम मार्फत टिकट विक्री गरि प्रथम पारवहन बिन्दुदेखि अन्तिम गन्तव्यसम्मको सेवा प्रदान गर्ने कार्यलाई सम्झनु पर्छ।

(ख) "ऐन" भन्नाले मूल्य अभिवृद्धि कर ऐन, २०५२ सम्झनु पर्छ।

(ग) "कर" भन्नाले ऐन बमोजिम लाग्ने मूल्य अभिवृद्धिकर सम्झनु पर्छ।

(घ) "कर अधिकृत" भन्नाले नेपाल सरकारले नियुक्त गरेको कर अधिकृत वा प्रमुख कर अधिकृत वा प्रमुख कर प्रशासक सम्झनु पर्छ र सो शब्दले विभागका शाखा अधिकृत, निर्देशक, उपमहानिर्देशक वा यस ऐन बमोजिम कर अधिकृतको अधिकार प्रयोग गर्न पाउने गरी नेपाल सरकारले तोकेको अन्य कुनै अधिकृतलाई जनाउँछ।

(ङ) "कर अवधि" भन्नाले ऐनको दफा १८ बमोजिम कर विवरण पेश गर्नुपर्ने अवधि सम्झनु पर्छ।

(च) "कार्यालय" भन्नाले ठूला करदाता कार्यालय सम्झनु पर्छ।

(छ) "गैर बासिन्दा व्यक्ति" भन्नाले नेपालमा कारोवारको स्थायी ठेगाना नभएको, व्यवसायिक प्रतिनिधि वा कानूनी रुपमा मान्य प्रतिनिधि नभएको नेपाल बाहिरको व्यक्ति सम्झनु पर्छ।

(ज) "नियमावली" भन्नाले मूल्य अभिवृद्धि कर नियमावली, २०५३ सम्झनु पर्छ।

(झ) "महानिर्देशक" भन्नाले विभागका महानिर्देशक सम्झनु पर्छ।

(ञ) "विवरण" भन्नाले यस कार्यविधिको अनुसूची-३ बमोजिम पेश गर्नु पर्ने विवरण सम्झनु पर्छ।

(ठ) "विभाग" भन्नाले आन्तरिक राजस्व विभाग सम्झनु पर्छ।

(ड) "स्थायी लेखा नम्बर" भन्नाले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १०ख१. बमोजिम गैर बासिन्दा व्यक्तिलाई प्रदान गरिएको पहिचान नम्बर सम्झनु पर्छ।

## ३. कर लगाउने आधार र दर सम्बन्धी व्यवस्था

(क) गैह्र बासिन्दा व्यक्तिले प्रदान गर्ने अफलाईन हवाई यातायात सेवामा मूल्य अभिवृद्धि कर असुल गरी दाखिल गर्नुपर्नेछ।

(ख) नेपालमा विगत बाह्र महिनाको अवधिमा तीसलाख रुपैंया भन्दा वढि कर लाग्ने अफलाईन हवाई यातायात सेवाको कारोवार गर्ने गैह्र बासिन्दा व्यक्तिले दर्ता भई कर असुल गर्नुपर्नेछ।

(ग) ऐनको दफा ७ बमोजिम करको दर तेह्र प्रतिशत हुनेछ।

## ४. कर प्रशासन गर्ने निकाय सम्बन्धी व्यवस्था

यो करको प्रशासन ठूला करदाता कार्यालयले गर्नेछ।

## ५. दर्ता सम्बन्धी व्यवस्था

(क) ऐन बमोजिम कर लाग्ने व्यक्तिले नेपालमा दर्ता भई स्थायी लेखा नम्बर लिएर मात्र कारोबार गर्नु पर्नेछ। तर दर्ता नभए पनि यस कार्यविधि बमोजिम कर तिर्ने दायित्वबाट उन्मुक्ति पाउने छैन।

(ख) ऐन बमोजिम कर लाग्ने व्यक्तिले कर लाग्ने कारोबारको सीमा नाघेको मितिले तीस दिनभित्र स्थायी लेखा नम्बर लिनको लागि कार्यालय समक्ष निवेदन दिनु पर्नेछ। तर स्वेच्छिक रूपमा दर्ता हुन चाहेमा जुनसुकै बखत स्थायी लेखा नम्बर लिनको लागि निवेदन दिन सक्नेछ।

(ग) गैर बासिन्दा व्यक्तिले स्थायी लेखा नम्बर लिनको लागि अनुसूची-१ बमोजिमको ढाँचामा विद्युतीय माध्यम (अनलाईन) बाट कार्यालय समक्ष निवेदन दिनु पर्नेछ। तर मूल्य अभिवृद्धि करमा दर्ता भएको गैर बासिन्दा व्यक्तिले छुट्टै स्थायी लेखा नम्बर लिनु पर्ने छैन।

(घ) अफलाईन हवाई यातायात सेवा प्रदायकले दर्ताको लागि निवेदनसाथ देहाय बमोजिमका कागजातहरुको विद्युतीय प्रति (स्क्यान कपि) पेश (अपलोड) गर्नुपर्नेछः

(१) बासिन्दा रहेको मुलुकमा दर्ता भएको कम्पनी दर्ताको प्रमाणपत्रको अंग्रेजी भाषामा नोटरी प्रमाणित प्रतिलिपि,

(२) बासिन्दा रहेको मुलुकमा लिएको कर दर्ता पहिचान प्रमाणपत्रको अंग्रेजी भाषामा नोटरी प्रमाणित प्रतिलिपि,

(३) कर प्रयोजनको लागि आधिकारिक व्यक्ति तोकिएको भए अधिकारनामा सम्बन्धी पत्र र उक्त व्यक्तिको पासपोर्टको अंग्रेजी भाषामा नोटरी प्रमाणित प्रतिलिपि,

(४) अफलाईन हवाई यातायात सेवा प्रदायकको तर्फबाट आधिकारिक व्यक्ति तोकिएको भए निजको तस्विर (फोटो),

(५) गैर बासिन्दा व्यक्तिको तर्फबाट तोकिएको आधिकारिक व्यक्तिको दस्तखतको नमुना,

(६) नेपालको कुनै नागरिकलाई कर तिर्ने प्रयोजनको लागि आधिकारिक प्रतिनिधि तोकिएको भए सो सम्बन्धी अधिकारनामा र नेपाली नागरिकको नागरिकताको नोटरी प्रमाणित प्रतिलिपि।

(ङ) निवेदन प्राप्त भएको मितिले सात दिनभित्र कार्यालयले दर्ता गरी विद्युतीय माध्यम (अनलाइन) मार्फत अनुसूची-२ बमोजिमको ढाँचामा दर्ता प्रमाणपत्र जारी गर्न सक्नेछ। कुनै कारणले दर्ता हुन नसकेमा कारण सहित उक्त कम्पनीलाई निवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र जानकारी गराउनु पर्नेछ।

## ६. बीजक तथा कारोबारको लेखाङ्कन सम्बन्धी व्यवस्था

(क) यस कार्यविधि बमोजिम दर्ता भएको गैह्र बासिन्दा अफलाईन हवाई यातायात सेवा प्रदायक ब्यक्तिले विद्युतीय माध्यमवाट कर बिजक जारी गर्न सक्नेछ। विक्रेताले आफ्नो नाम र स्थायी लेखा नम्वर, क्रेताको नाम र स्थायी लेखा नम्वर (उपलब्ध भएसम्म), मिति, सेवाको विवरण र मूल्य उल्लेख भएको जुनसुकै ढाँचामा बीजक जारी गर्न सक्नेछ। विद्युतीय माध्यमवाट कर वीजक जारी गर्नका लागि विभागवाट स्वीकृति लिनुपर्ने छैन।

(ख) अफलाईन हवाई यातायात सेवा प्रदायकले सेवा प्रदान गरेको वखत वा सेवाको प्रतिफल प्राप्त गरेको समयमध्ये जुन पहिले हुन्छ सोहि समयमा त्यस्तो सेवाको आपूर्तिको बीजक जारी गर्नु पर्नेछ।

(ग) अफलाईन हवाई यातायात सेवा प्रदायकले सेवाको आपूर्ति गर्दा उपभोक्तावाट त्यसको प्रतिफल परिवर्त्य विदेशी मुद्रामा प्राप्त गरेमा कारोवार भएको अवधिको परिवर्त्य विदेशी मुद्रामा हिसाव राखी विवरण पेश गरेको दिनको नेपाल राष्ट्र बैंकले तोकेको विनिमय दर बमोजिम उक्त विदेशी मुद्रा र सोको हुने नेपाली रुपैयाँमा कारोवारको लेखाङ्कन गर्नु पर्नेछ।

## ७. विवरण दाखिल सम्बन्धी व्यवस्था

(क) अफलाईन हवाई यातायात सेवा प्रदायकले मूल्य अभिवृद्धि कर अवधि अनुसार आफ्नो कारोबारको विवरण दाखिला गर्नु पर्नेछ।

(ख) अफलाईन हवाई यातायात सेवा प्रदायकले प्रत्येक कर अवधि समाप्त भएको मितिले पच्चिस दिनभित्र कार्यालय समक्ष विद्युतीय माध्यम (अनलाईन) मार्फत मूल्य अभिवृद्धि कर विवरण पेश गर्नु पर्नेछ।

(ग) कर विवरणको ढाँचा अनुसूची ३ मा तोकिए बमोजिम हुनेछ।

(घ) तोकिएको समयभित्र विवरण दाखिला नगरेमा ऐनको दफा २९ को उपदफा (१) को खण्ड (ज) बमोजिम लाग्ने करको प्रतिदिन ०.०५ प्रतिशत वा प्रति कर अवधि एक हजार रुपैयाँमध्ये जुन बढि हुन्छ सो रकम रकम जरिवाना लाग्नेछ।

## ८. कर दाखिला सम्बन्धी व्यवस्था

(क) अफलाईन हवाई यातायात सेवा प्रदायकले पेश गरेको विवरण बमोजिम दाखिला गर्नुपर्ने कर तोकिएको राजस्व शीर्षकमा विद्युतीय माध्यम (अनलाईन) मार्फत भुक्तानी गर्नु पर्नेछ।

(ख) करको भुक्तानी प्रत्येक कर अवधि समाप्त भएको मितिले पच्चिस दिनभित्र गर्नु पर्नेछ।

(ग) तोकिएको समयभित्र कर दाखिला नगरेमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २६ बमोजिम बार्षिक पन्ध्र प्रतिशतका दरले ब्याज र दफा १९ को उपदफा (२) बमोजिम बार्षिक दश प्रतिशतका दरले थप दस्तुर लाग्नेछ।

## ९. कारोबारको परीक्षण तथा कर निर्धारण सम्बन्धी व्यवस्था

(क) अफलाईन हवाई यातायात सेवा प्रदायकको कारोबार परीक्षण गरी कार्यालयले कर निर्धारण गर्न सक्नेछ।

(ख) कार्यालयबाट कारोबारको परीक्षण गर्दा कुनै अफलाईन हवाई यातायात सेवा प्रदायकले वास्तविक कारोबार भन्दा घटी कारोबार घोषणा गरी कर दायित्व कम गरेको पाइएमा ऐनको दफा २९ बमोजिम जरिवाना लाग्नेछ।

(ग) कर निर्धारणको प्रक्रिया देहाय बमोजिम हुनेछः

(१) कारोबार रकम कम गरी वा छिपाई कर दायित्व घटाएको भन्ने सूचना तथा प्रमाण प्राप्त भएमा कर अधिकृतले त्यस्तो प्राप्त प्रमाणको आधारमा प्रारम्भिक कर निर्धारणको लिखित सूचना दिनु पर्नेछ।

(२) दर्ताको बखत उपलब्ध गराएको इमेल ठेगानामा यस्तो सूचना पठाएमा वा गैर बासिन्दा व्यक्तिले नेपालमा नियुक्त गरेको प्रतिनिधिलाई बुझाएमा सूचनाको तामेली भएको मानिनेछ।

(३) कर निर्धारण हुनु नपर्ने सफाइको सबुत प्रमाण पेश गर्न पन्ध्र दिनको म्याद दिनु पर्नेछ।

(४) अफलाईन हवाई यातायात सेवा कम्पनीबाट पेश भएको सफाइको सबुत प्रमाण समेतको आधारमा कर अधिकृतले अन्तिम कर निर्धारणको सूचना जारी गर्न सक्नेछ।

## १०. प्रशासकीय पुनरावलोकन

(क) कार्यालयले गरेको कर निर्धारणमा चित्त नबुझ्ने करदाताले ऐनको दफा ३१क. बमोजिम प्रशासकीय पुनरावलोकनको लागि विभागमा निवेदन दिन सक्नेछ।

(ख) प्रशासकीय पुनरावलोकन सम्वन्धी अन्य ब्यवस्था ऐनमा उल्लेख भए बमोजिम हुनेछ।

**११. पुनरावेदन**

(क) विभागले गरेको निर्णय उपर चित्त नबुझ्ने करदाताले ऐनको दफा ३२ बमोजिम राजस्व न्यायाधीकरणमा पुनरावेदन निवेदन दिन सक्नेछ।

(ख) पुनरावेदन सम्वन्धी अन्य ब्यवस्था ऐनमा उल्लेख भए बमोजिम हुनेछ।

**१२. दर्ता खारेजी सम्बन्धी व्यवस्था**

(क) कुनै दर्ता भएको अफलाईन हवाई यातायात सेवा कम्पनीले नेपालमा कारोबार गर्न छाडेमा वा कुनै कारणले दर्ता खारेजी गर्न चाहेमा अनुसूची ४ को ढाँचामा कार्यालय समक्ष निवेदन दिनु पर्नेछ।

(ख) निवेदन प्राप्त भएको मितिले तीन महिनाभित्र कार्यालयले दर्ता खारेजी गरी वा दर्ता खारेजी हुन नसक्ने भएमा सोको कारण उल्लेख गरि जानकारी गराउनु पर्नेछ।

अनुसूची-१
(कार्यविधिको दफा ५(ख) सँग सम्बन्धित)

Government of Nepal
Ministry of Finance

Inland Revenue Department

**Application for Registration in Value Added Tax**

(For Non-resident Offline Airlines)

| (a) General Information of Non-resident Offline Airlines;- | | |
|---|---|---|
| 1. | Types of Airlines Company | (P) Ltd./Limited/Partnership/ Public Organization/Others |
| 2. | Legal name | |
| 3. | Business registration number of resident country | |
| 4. | Address | |
| 5. | Address for letter correspondence | |
| 6. | Taxpayer identification number for tax purpose in resident country | |
| 7. | Email address | |
| 8. | Telephone number (including country's code) | |
| 9. | Mobile number (including country's code) | |
| 10. | Estimate annual transaction (in Rs.) | |
| 11. | Name of authorized person | |

| (b) Details of the Authorized Person:- | | | |
|---|---|---|---|
| 1. | First Name | Middle Name | Last Name |
| | | | |
| 2. | Gender | | |
| 3. | Designation | | |
| 4. | Date of birth | | Day / Month/Year |
| 5. | Nationality | | |

| | | |
|---|---|---|
| 6. | Passport number | |
| 7. | Name of the passport issuer country | |
| 8. | Taxpayer identification number for tax purpose in resident country | |
| 9. | Name of the taxpayer identification issuer country | |
| 10. | Email address | |
| 11. | Mobile number (including Country's code) | |

| (c) Details of Nepali Representative (If Nepali citizen is nominated as a representative for tax purpose):- | | | |
|---|---|---|---|
| 1. | First Name | Middle Name | Last Name |
| | | | |
| 2. | Address | | |
| 3. | Gender | | |
| 4. | Date of birth | | Day / Month/Year |
| 5. | Citizen or Passport number | | |
| 6. | Permanent account number | | |
| 7. | Email address | | |
| 8. | Mobile number | | |

| (d) Scan copy of documents to be uploaded:- | |
|---|---|
| 1. | Certificate of company registration in country of residence |
| 2. | Certified copy of taxpayer identification number issued from country of residence |
| 3. | Nomination letter for authorized person |
| 4. | Passport of authorized person |
| 5. | Photo of authorized person |
| 6. | Scan copy of signature of authorized person |
| 7. | Letter, if representative is nominated |
| 8. | Citizen or passport of representative |

| (e) Declaration | |
|---|---|
| I certify that documents and information provided as above is correct, true and complete. | |
| Signature of authorized person: | Place: |
| Designation: | Address: |

अनुसूची-२

(कार्यविधिको दफा ५(ङ) सँग सम्बन्धित)

| PHOTO or OFFICIAL SEAL |
|---|

Government of Nepal

Ministry of Finance

Inland Revenue Department

# Permanent Account Number Certificate

| Permanent Account Number: | |
|---|---|
| Office: | Large Taxpayer Office |

| Registration Date in Value Added Tax: | | | |
|---|---|---|---|

Taxpayer Name :

Type of Taxpayer :

Address :

Nature of Business :

…………… 
Signature of Taxpayer

…………… 
Signature of Tax Officer

अनुसूची-३

(कार्यविधिको दफा ७(ग) सँग सम्बन्धित)

Government of Nepal
Ministry of Finance
Inland Revenue Department

# Value Added Tax Return Form

(for Non-resident Offline Airlines)

Please tick (√) in the right period

| Period | Monthly | Shra wan | Bhadra | Ash win | Kartik | Mangsir | Poush | Magh | Phalgun | Chaitra | Baishak | Jestha | Ashad |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | Quarterly | Shrawan to Kartik | | | | Mangsir to Phalgun | | | | Chairta to Ashad | | | |

| Permanent Account Number: | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| Name | | Address | |
| Telephone No. | | Mobile No. | |

| If there is no transaction in this period, please fill zero (mention round figure) | | | | |
|---|---|---|---|---|
| | | Transaction Value | Tax paid on Purchase (Credit tax) | Tax paid on Sales (Debit tax) |
| 1. Sales | | | | |
| 1.1 | Taxable Sales | | | |
| 1.2 | Export | | | |
| 1.3 | Exempt Sales | | | |
| 2. Purchase/Import | | | | |
| 2.1 | Taxable Purchase | | | |
| 2.2 | Taxable Import | | | |
| 2.3 | Exempt Purchase | | | |
| 2.4 | Exempt Import | | | |
| 3. Others | | | | |
| 3.1 | Other Adjustment | | | |
| 4. | Total | | | |
| 5. Debit-Credit | | (+ or -) | | |
| 6. Credit to be adjusted of previous month | | (+ or -) | | |
| 7. Total tax to be paid (Amount in Nepali (5-6) | | (+ or -) | | |

| 8. Amount of tax refund claimed | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 9. Basis of tax refund claim (Tick (√) any one) | | | | | | | |
| Credit VAT not adjusting for four consecutive months | | Regular Exporter | | Over-paid VAT not adjusting for four consecutive months | | Other | |

| 10. Total Payment | | Voucher No. | |
|---|---|---|---|
| 11. Details of documents used during tax period | | | |
| Total number of Purchase Bills | | | |
| Total number of Credit Notes | | | |
| Total number of Debit Notes | | | |
| Total number of Credit Advice | | | |
| Total number of Debit Advice | | | |
| Total number of Sales Bills | | | |

| I certify that the information stated in this tax return is true and complete | | | | | |
|---|---|---|---|---|---|
| User ID | | Date | Year | Month | Day |
| | | | | | |
| Full Name | | Telephone No. | | | |
| Signature | | Mobile No. | | | |
| Designation | | | | | |

अनुसूची-४

(कार्यविधिको दफा १२(क) सँग सम्बन्धित)

Government of Nepal
Ministry of Finance
Inland Revenue Department

Application for cancellation of registration
(for Non-resident Offline Airlines)

| 1. Details of Taxpayer | | | |
|---|---|---|---|
| Permanent Account Number: | | Name | |
| Address | | | |

| 2. Details of the current period of the taxpayer | |
|---|---|
| Date of submission of current period statement | |
| Tax Liabilities | |
| Date of Payment of Tax | |
| Date of Voucher | |

| 3. Reasons for cancellation of registration |
|---|
| |

| 4. Taxpayer's Declaration | |
|---|---|
| I certify that the information provided above is correct, true and complete. | |
| Signature of authorized person: - | Place: - |
| Designation: - | Address: - |